नेपाल सरकार

भूमि सुधार तथा व्यवस्था मन्त्रालय

**नापी विभाग**

## किततानापी महाशाखा

मिनभवन, काठमाडौं

## सिलबन्दी दरभाउपत्रआह्वानको सूचना

(सूचना प्रकाशित मिति २०६६ मङ्सिर २८ गते)

यस महाशाखाको कित्तानापी कार्यक्रमअन्तर्गत स्वीकृत लागत अनुमानअनुसार सभाकक्षको स्ट्रक्चरमा थप निर्माण कार्य गरी फिनिसिङ गर्ने कार्य गर्नुपर्ने भएकाले इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक निर्माण व्यवसायीहरूबाट देहायका सर्तबमोजिम रितपूर्वकको सिलबन्दी दरभाउपत्र आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

१. दरभाउपत्र फारामको लागि फर्म दर्ता, मूल्य अभिवृद्धिकर दर्ता तथा पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि सहित रु. ३००।- (फिर्ता नहुने) बुझाई यस महाशाखाबाट खरिद गर्न सकिने छ । सो दरभाउपत्रमा दररेट भरी सहीछाप गरी सिलबन्दी गरेको र खाम बाहिर ***निर्माण कार्य खरिदको दरभाउपत्र*** भनी उल्लेख भएको हुनुपर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र दरभाउपत्र फाराम खरिद गरी सक्नुपर्नेछ ।

३. यस दरभाउपत्र फारामको BoQ (पाना नं.४-१०) मा उल्लिखित प्रत्येक कार्यको दररेट अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । आंशिक रुपले भरेको दरभाउपत्र ग्राह्य हुनेछैन ।

४. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजेभित्र दरभाउपत्र यस महाशाखामा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र यस महाशाखामा दर्ता हुन आएका दरभाउपत्रहरू सोही दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस महाशाखामा खोलिने छ । दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा पुग्नेछैन ।

५. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट उक्त कार्य गरिने छ ।

६. जमानत वापत दरभाउपत्रसाथ कबोल अङ्कको २.५% बराबरको रकमको कम्तिमा ७५ दिन म्याद भएको बिडबन्ड वा नेपाल राष्ट्र बैङ्क, थापाथली स्थित यस महाशाखाको धरौटी हि.नं. स.अ. १३१७०७ मा जम्मा गरेको भौचर पेशगर्नुपर्ने छ र दरभाउपत्र स्वीकृत भइसकेपछि स्वीकृत दरभाउपत्रदाताले कबोल अङ्कको ५% बराबरको कम्तिमा १५० दिन म्याद भएको परफरमेन्स बन्ड वा नपुग धरौटी रकम थप जम्मा गर्नुपर्नेछ ।

७. रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र माथि कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्रस्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस महाशाखामा सुरक्षित रहनेछ ।

९. दरभाउपत्रसम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय खुलेको समयमा यस महाशाखामा बुझ्न सकिनेछ ।

१०. उल्लिखित कार्यको स्वीकृत लागत अनुमान रु ४,४२,३०२.७५ (मू.अ.कर बाहेक) रहेको छ ।